# रामेछाप जिल्लामा युद्धविरामको अवधिमा माओवादीबाट भएका घटनाहरूको स्थलगत अध्ययन प्रतिवेदन




सारांश

माओवादी प्रभावित जिल्ला रामेछापमा माओवादीले पछिल्लो पटक एकतर्फी युद्धविरामको घोषणा गरेपछि पनि मानवअधिकार उल्लंघनका घटनाहरूमा कमी आएन। यस अवधिमा मात्र माओवादीबाट मानवअधिकार र मानवीय कानुन उल्लंघन गरिएका ४० वटा सार्वजनिक जानकारीमा आए। ७ वटा संसदीय राजनीतिक दलहरूसँग भएको १२ बुँदे सहमति पछि पनि माओवादीले सो सहमति अनुसारको न्यूनतम सर्तहरू रामेछापमा पालना नगरेका घटनाहरू पटक पटक सार्वजनिक भइरहे। यस अवधिमा माओवादीले सेना र प्रहरीका जागिरे भएका आफन्तहरूको घरमा तालाबन्दी गर्ने, लुटपाट गर्ने, गाउँबाट विस्थापत गर्ने लगायतका घटनाहरू गराएका कुराहरू पटक पटक जिल्ला स्थित मानवअधिकारवादी संस्था र सञ्चार माध्यमले दैनिक जसो सार्वजनिक गरे। यस बाहेक माओवादीले खिम्ति गाविसका दुई वटा घरमा लगाएको ताला गाउँलेहरूले काटिदिएपछि उनीहरूले गाउँ नै जलाई दिने धम्की दिएका कारण सिङ्गो गाउँ नै आतङ्कित छ ।



अनौपचारिक क्षेत्र सेवा केन्द्र

मध्यमाञ्चल क्षेत्रीय कार्यालय

स्युचाटार, कलंकी, काठमाडौं


०६२ पुस २८

पृष्ठभूमि

मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने दुर्गम पहाडी जिल्ला रामेछाप आर्थिक तथा सामाजिक रूपले समेत पिछडिएको जिल्ला हो। माओवादी गतिविधिको हिसाबले यस जिल्ला अति प्रभावित जिल्लाहरूको सूचीमा पर्दछ। रामेछापमा माओवादीले ०५३ सालमा बेथानको प्रहरी चौकीमा सशस्त्र आक्रमण गरेर आ□नो गतिविधिलाई सुरू गरे। यस पछाडि भएको विभिन्न घटना परिघटनाले रामेछाप चर्चामा आइरह्यो। रामेछापकै दोरम्बा गाविसमा भएको बहुचर्चित घटनाले अन्तर्राष्ट्रिय क्षेत्रमा समेत चर्चा पायो। जहाँ एकै ठाउँमा १९ जना माओवादी कार्यकर्ताको सामूहिक हत्या गरिएको थियो। माओवादीले जनयुद्ध शुरू गरे यता भएका हिंसा प्रतिहिंसाको क्रममा रामेछाप जिल्लामा १ सय ३६ जना भन्दा बढी मानिसहरूले आ□नो ज्यान गुमाइसकेका छन्।

घटना : घरमा ताला लगाई परिवारहरू घर निकाला
घटनास्थल : बिजुलीकोट, सालु र खिम्ती गाविस
घटना मिति : ०६२ कार्तिक २७ गते देखि
अध्ययन अवधि : तीन दिन (पुस १२-१४ गते)



*माओवादीद्वारा तालाबन्दी गरिएको सालु गाविस-६ का श्याम खड्काको घर र बिजुलीकोट गाविस-१ धोविमा लुटिएको पसल र पसले दुर्गाबहादुर खड्का*

स्थलगत अध्ययन टोली
कृष्ण गौतम : क्षेत्रीय संयोजक, इन्सेक मध्यमाञ्चल
हिमाल ढुंगेल : अध्यक्ष, मानवअधिकार तथा शान्ति समाज रामेछाप
बद्रि नयाँघरे : पत्रकार महासंघ, रामेछाप
नवराज पथिक : जिल्ला प्रतिनिधि, इन्सेक
कुमार दाहाल : हुराडेक, रामेछाप

स्थलगत अध्ययनको उद्देश्य

उल्लेखित घटनाको सन्दर्भमा निम्न उद्देशयका साथ घटनाको स्थलगत अध्ययन गरिएको थियो।

- घटनास्थलको यथार्थ अवलोकन गर्ने।
- पीडितहरूसँग प्रत्यक्ष भेटघाट गर्ने।
- सम्भव भएसम्म माओवादीका जिम्मेवार पक्षसँग भेटी समस्याको निकास निकाल्ने प्रयास गर्ने।
- समस्या समाधानको लागि सम्बन्धित सबै पक्षलाई ध्यानाकर्षित गराउने।

प्रस्तुत उद्देश्यहरूको परिपूर्तिको लागि अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का मध्यमाञ्चल क्षेत्रीय संयोजक कृष्ण गौतमको नेतृत्वमा जिल्लाका अन्य चार जना मानवअधिकारकर्मी तथा पत्रकार सहितको टोलीले ०६२ पुस १२ गतेदेखि १४ गतेबिहानसम्म प्रभावित क्षेत्रको स्थलगत भ्रमण गऱ्यो। जसमा इन्सेकका जिल्ला प्रतिनिधि नवराज पथिक, मानवअधिकार तथा शान्ति समाजका जिल्ला सभापति हिमाल ढुंगेल, पत्रकार महासंघ रामेछापका बद्री नयाँघरे र हुराडेक रामेछाप शाखाका कुमार दाहाल सम्मिलित थिए। यस क्रममा टोलीले सालु, बिजुलीकोट र खिम्ति गाविसको स्थलगत अध्ययन गरेको थियो।

घटना अध्ययनको क्रममा यस्तो पाइएको थियो
सालु गाविस-६ का सामाजिक कार्यकर्ता श्याम खड्काको घरमा माओवादीका कार्यकर्ताले ०६२ पुस १ गते ताला लगाइदिएका थिए। उनका २ जना छोराहरू प्रहरीमा जागिरे भएको आरोपमा माओवादीका २ जना कार्यकर्ता आएर घरमा ताला लगाई दिएका थिए। घरका मानिसहरूलाई बाहिर निकालेर ताला लगाएर एउटा बाखो र खसी गाउँकै एक जनालाई पाल्न दिएका छन् भने गोरूलाई छिमेकीहरूले नै घाँस पानी दिइरहेका छन्। खड्का श्रीमती, छोरी, बुहारी र नातिनी सहित विस्थापित भएर सदरमुकाम मन्थलीमा बसेका छन्।

माओवादीको तालबन्दीका कारण सबैभन्दा ठूलो पीडा भोगिरहेकी छिन्- बिजुलीकोट गाविस-१ धोविकी ९६ वर्षीय चन्द्रमाया खड्काले। माओवादीले उनका नातीहरू सेनामा जागिरे भएको आरोपमा उनी तथा उनका जेठो छोरा विरबहादुर खड्काको घरका सबै सामानहरू लुटेर लगी ०६२ कार्तिक २७ गते उनको घरमा ताला लगाइदिए। अध्ययन टोली उनको घरमा पुग्दा ढोकामा ताला ठोकिएको थियो। ९६ वर्षीय अशक्त वृद्ध चन्द्रमाया घरको बाहिर दलानको फलैंचामा बसिरहेकी थिइन्। उनको रात दिन बस्ने, खाने र सुत्ने थलो त्यही फलैचा भएको थियो। उनका छोरा विरबहादुर माओवादीकै डरले पलायन भएका थिए। बुहारी नाती नातिनी बुहारी तथा पनाती पनातिना सहित ११ जनाको परिवार त्यही दलानको एउटा छेउमा गुन्द्री बिछ्याएर बसेका थिए। उनीहरूको रात बिताउने ठाउँ पनि त्यही गुन्द्री भएको पीडितहरूले बताए। उनीहरूले बाखा बाँध्ने सानो गोठलाई भान्सा बनाएका थिए। छिमेकीहरूले दिएका थोत्रा भाँडाहरूमा पकाएर खाने गरेको पीडितहरूले बताए।

आफूले माओवादी भनेको सुनेको मात्रै बताउने ९६ वर्षीय वृद्धा चन्द्रमायालाई माओवादीका दूई जना महिला कार्यकर्ताले माथि तलाबाट घिस्याँदै ल्याएर अहिले बसेको फलैंचामा थचारी दिएका थिए। ९६ वर्षको वृद्ध शरीर रात दिन हावाले सेक्ने चिसो ठाउँ। रातदिनको चिन्ता। उनको अवस्था वर्णन नै गर्न नसकिने कहाली लाग्दो देखिन्थ्यो। यस्तो उमेरमा आएर यसो गर्लान् भन्ने कल्पना नै गर्न नसकेको कुरा उनले बलिन्द्रा धारा आँसु बगाउँदै बताइन्।

माओवादीले कार्तिक २७ गते नै बिजुलीकोट गाविसका उत्तबहादुर खड्काको घर र दुर्गाबहादुर खड्काको पसल पनि लुटेको पाइयो। दुवैका छोराहरू सेनामा जागिरे भएको कारण देखाई

माओवादीले लुटपाट गरेका थिए। प्रत्यक्षदर्शी र पीडितहरूका अनुसार तिनवटै घर र पसल लुट्ने क्रममा माओवादीले खिम्ति, नागदह तथा तिल्पुङ गाविससम्मका मानिसहरूलाई प्रयोग गरेको प्रत्यक्षदर्शीले बताए। उनीहरूले सामान लुटेर मात्रै चित्त नबुझेर घरमा समेत ताल्चा लगाइदिएका छन्। ताला लगाइदिएपछि उक्तबहादुरको परिवार खुल्ला गोठमा बसेका पाइयो। दुर्गाबहादुरको पसल लुटिए पनि घरमा ताला नलगाएकोले त्यही बस्दै आएका छन्। तै पनि उनलाई पनि घर छाड्न पटक पटक माओवादीले खबर पठाइरहेका छन्।


माओवादीले प्रहरीमा छोरो जागिरे भएको अभियोगमा खिम्ति गाविस-८ की ४५ वर्षीय फुलमाया श्रेष्ठको घरमा पनि ताला लगाएको पाइयो। लोग्नेले अर्को विवाह गरी छुट्टै बसेपछि छोराछोरी हुर्काउने बोझ समेत एक्लै बोकेकी फूलमायाँ अहिले गोठमा बसेकी छिन्।

खिम्ति गाविसको वडा नं. २ का गंगाबहादुर बुढाथोकी र खिम्ति गाविस-३ का खड्गबहादुर बुढाथोकीको घरमा माओवादीले मंसिर २९ गते लगाएको ताला भने स्थानीय गाउँलेहरूले नै पुस १ गते काटेको पाइयो। ३ सय भन्दा बढीको संख्यामा गाउँलेहरूले नै ताला काटेका थिए। त्यसपछि ताला काट्नेहरूको गाउँ नै जलाइदिने भनी माओवादी कार्यकर्ता कैलाशले पटक पटक धम्की दिएपछि गाउँलेहरू आतंकित भएका छन्।

माओवादीले रामेछाप जिल्लामा युद्धविरामको क्रममा ४० भन्दा बढी गम्भीर खालका मानवअधिकार उल्लंघनका घटनाहरू गराएको पाइयो। जसमध्ये ५ वटा समूदायद्वारा सञ्चालन गरिएका विद्यालयहरू बन्द गरिएका छन्। १६ वटा लुटपाट र घरमा तालाबन्दीका घटनाहरू गराएका छन्। विद्युतीय धरापमा पारेर एक जना प्रहरीको हत्या गरिएको छ। उनीहरूकै विद्युतीय धरापमा परी एकजना बालक घाइते भएको पाइयो। अन्य अपहरण र कुटपिटका घटनाहरू सार्वजनिक भएका पाइयो।

विभिन्न पक्षको भनाइ

माओवादीले रामेछाप जिल्लामा युद्धविरामको न्यूनतम शर्तको समेत पालना नगरेको बताउँछन्- जिल्ला स्थित मानवअधिकारकर्मी, पत्रकार र राजनीतिक पार्टीका नेताहरू। माओवादीले सेनामा जागिरे भएको कारण उनीहरूका आफन्तलाई दुःख दिएर मानवअधिकारको गम्भीर उल्लंघन गरेको धारणा राख्नुहुन्छ। वार अध्यक्ष रामचन्द्र वियोगी। यस भनाइप्रति मानवअधिकार सञ्जालका



*बिजुलीकोट गाविसमा माओवादीद्वारा तालाबन्दी गरिएको घरहरू*

संयोजक शिवकुमार कार्की, पत्रकार महासंघका सभापति हिमाल ढुंगेल र एमाले पार्टी सचिव एवं पूर्व सांसद देवशंकर पौडेल पनि सहमत हुनुहन्छ। प्रमुख जिल्ला अधिकारी मोहनप्रसाद वाग्ले यस्ता समस्याहरू एक्लै प्रशासनले समाधान गर्न नसक्ने भएकोले नागरिक समाज र मानवअधिकारकर्मीहरूको यसमा महत्वपूर्ण भूमिका हुनुपर्ने बताउनु हुन्छ।

घटनाको लागि जिम्मेवार मानिएका माओवादीसँग अध्ययन टोलीको सम्पर्क हुन सकेन।

निष्कर्ष

रामेछाप जिल्लामा माओवादीले युद्धविरामको क्रममा पनि गम्भीर खालका अधिकार उल्लंघनका घटनाहरू गराएको पाइयो। नियतवस हो वा संयोगबस उनीहरूले घटना अध्ययन गर्न गएको टोलीलाई भेट दिएनन्। उल्लेखित व्यवहार एवं घटनाहरूबाट नेकपा (माओवादी) को नेतृत्वले पटक पटक सार्वजनिक गरेको प्रतिबद्धता र अन्तर्राष्ट्रिय मानवीय कानुन र सात राजनैतिक पार्टी र माओवादी बीच भएको १२ बुँदे सहमति त्यस क्षेत्रको माओवादीले पालना नगरेको पाइयो। यसतर्फ माओवादीको नेतृत्वको ध्यान जानु जरूरी छ।

सुझाव

- मानवअधिकार र मानवीय कानुनहरूको सम्मान गर्दै सोही अनुसारको व्यवहार गर्न र त्यस विपरित काम गर्ने आ□ना त्यस्ता कार्यकर्तालाई कारवाही गरी माओवादीले त्यसको सार्वजनिक जानकारी गराउन, तालाबन्दी खुलाउन र पीडितहरूलाई निशर्त आ□नो घरमा बस्न दिने वातावरण सृजना गर्न अनुरोध गर्दछौं।
- अन्तर्राष्ट्रिय र राष्ट्रिय मानवअधिकार संस्थाले गम्भीरतापूर्वक यस घटनाको अध्ययन गरी पीडित पक्षलाई आ□नो घरमा बस्न पाउने वातावरण तयार गर्न सम्बन्धित पक्षलाई आग्रह गर्न अनुरोध छ।



*माओवादीद्वारा घरमा तालाबन्दी गरिएपछि बिचल्लीमा परेकी ९६ वर्षीय चन्द्रमाया / परिवारका अन्य सदस्यहरु*





*माओवादीद्वारा खिम्ति गाविस-८ का फुलमाया श्रेष्ठको घरमा तालाबन्दी पछि बस्दै आएको गोठ*

